# सिद्ध कुमाख गाउँपालिकामा विभिन्न पदहरुको अस्थायी/करार सेवामा पदपुर्तिको लागि संचालन गरिने परीक्षामा खटिने कर्मचारीहरुको सेवा सुविधा सम्बन्धि मापदण्ड, २०८०

कार्यपालिकाबाट पारित मिति : २०८०।०७।१३

**प्रस्तावना :** सिद्ध कुमाख गाउँपालिकामा विभिन्न पदहरुमा अस्थायी/करार सेवामा पदपुर्तिको लागि संचालन गरिने परिक्षामा गरिने खर्च व्यवस्थापनलाई मितव्ययी पारदर्शी बनाई एकरुपता कायम गर्न परीक्षामा खटिने कर्मचारीहरुको सेवा सूविधा सम्बन्धि मापदण्ड बनाउन बाञ्छनिय भएकोले सिद्ध कुमाख गाउँपालिका गाउँकार्यपालिकाले यो मापदण्ड बनाएको छ ।

## परिच्छेद १

प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भ :** (१) यस मापदण्डको नाम "सिद्ध कुमाख गाउँपालिकामा विभिन्न पदहरुको अस्थायी/करार सेवामा शि्क्षक तथा कर्मचारी पदपुर्तिको लागि संचालन गरिने परिक्षामा खटिने शिक्षक तथा कर्मचारीहरुको सेवा सूविधा सम्बन्धि मापदण्ड, २०८०" रहेको छ ।

(२) यो मापदण्ड कार्यपालिका बैठकबाट स्वीकृत भए पश्चात तुरुन्त लागु हूनेछ ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमा :

(क) "पदपूर्ति समिति" भन्नाले गाउँपालिकाको स्विकृत दरवन्दी अनूसार रिक्त पदमा अस्थायी वा करार सेवामा पदपूर्तिको लागि गाउँपालिकाको कानुन बमोजिम गठन हूने समिति सम्झनु पर्दछ ।

(ख) "गाउँ कार्यपालिका" भन्नाले सिद्ध कुमाख गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ ।

(ग) "गाउँपालिका" भन्नाले सिद्ध कुमाख गाउँपालिकालाई सम्झनू पर्दछ ।

(घ) "कर्मचारी" भन्नाले सिद्ध कुमाख गाउँपालिका वडा, स्वास्थ्य संस्था, विद्यालय तथा गाउँपालिका द्धारा आमन्त्रण गरिएका विज्ञ शिक्षक र कर्मचारी समेत सम्झनु पर्दछ ।

## परिच्छेद २

सेवा सुविधा सम्बन्धि व्यवस्था

३। **लिखित परीक्षाको प्रश्नपत्र निर्माणमा खटिने कर्मचारीको सेवा सुविधा** : (१) लिखित परीक्षाको बस्तुगत प्रश्नपत्र निर्माणमा खटिने कर्मचारीलाई एक सय पुर्णाङक सम्म भएमा एकमुष्ट रु

१५००। र पुर्णाङ्क पचास सम्म भएमा एकमुष्ट रु १२००। पारिश्रमिक सेवा सुविधा उपलब्ध गराइनेछ ।

(२) लिखित परीक्षाको बिषयगत प्रश्नपत्र निर्माणमा खटिने कर्मचारीलाई एकमुष्ट रु १५००। पारिश्रमिक सेवा सुविधा उपलब्ध गराइनेछ ।

(३) प्रश्नपत्र परिमार्जन गर्न पर्ने भएमा प्रश्नपत्र परिमार्जन बापत एकमुष्ट रु १००० उपलब्ध गराइनेछ ।

(४) गाउँपालिका भन्दा बाहिरबाट विषय विज्ञ आमन्त्रण गर्नु पर्ने भएमा भ्रमण खर्च नियामावली २०६४ बमोजिम भ्रमण भत्ता उपलब्ध गराउन सकिनेछ ।

**४. लिखित तथा प्रयोगात्मक परीक्षा संचालनमा परीक्षा केन्द्रमा खटिने कर्मचारीहरुको सेवा सूविधा :** (१) लिखित तथा प्रयागात्मक परीक्षा संचालनमा परीक्षा केन्द्रमा खटिने कर्मचारीहरुलाई देहाय बमोजिमको सेवा सुविधा उपलब्ध हुनेछ :

| सि न | कर्मचारी | सेवा सुविधा (रु) | कैफियत |
|---|---|---|---|
| १ | केन्द्राध्यक्ष (राजपत्रांकित कर्मचारी वा सो सरह | ७००। | प्रति घण्टा |
| २ | सहायक केन्द्राध्यक्ष (राजपत्रांकित तृतिय वा सो सरह वा ना.सु वा सो सरह | ५००। | प्रति घण्टा |
| ३ | निरीक्षक | ४००। | प्रति घण्टा |
| ४. | कार्यालय सहयोगी | २५०। | प्रति घण्टा |
| ५. | सुरक्षाकर्मी | ३००। | प्रति घण्टा |

(२) खण्ड (१) मा जूनसूकै कुरा लेखिएको भएतापनि कूनै कर्मचारीलाई छ कोष वा सोभन्दा बढि दुरीबाट आउने गरी खटाईएमा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम दैनिक भ्रमण भत्ता वापत आतेजाते स्वरुपको रकम उपलब्ध गराउन सकिनेछ।

**(५) अन्तरवार्ताको लागि खटिने कर्मचारीको सेवा सूविधा :** (१) अर्न्तबार्ता परीक्षाको लागि खटिने कर्मचारीलाई देहाय बमोजिमको सुबिधा उपलब्ध हूनेछ

| सि न | कर्मचारी विवरण | सेवा सुविधा रकम | कैफियत |
|---|---|---|---|
| १ | संयोजक (राजपत्रांकित वा सो सरह) | १२००। | प्रति सिफ्ट |
| २ | सदस्य | १०००। | प्रति सिफ्ट |

| | | | |
|---|---|---|---|
| ३ | विषय विज्ञ | १०००। | प्रति सिफ्ट |
| ४ | सहयोगी कर्मचारी | ८००। | प्रति सिफ्ट |
| ५ | कार्यालय सहयोगी | ३००। | प्रति सिफ्ट |
| ६ | सुरक्षाकर्मी | ४००। | प्रति सिफ्ट |

स्पष्टिकरण : "प्रतिसिफ्ट" भन्नाले बढिमा तीन घण्टाको समयलाई बुझाउनेछ। अर्न्तबार्ताका लागी सहयोगी कर्मचारी एक जना, कार्यालय सहयोगी एक जना र आवश्यक परेमा सुरक्षार्मीको व्यवस्था गर्न सकिनेछ।

(२) खण्ड (३) मा जूनसूकै कुरा लेखिएको भएतापनि कूनै कर्मचारीलाई छ कोष वा सोभन्दा बढि दुरीबाट आउने गरी खटाईएमा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम दैनिक भ्रमण भत्ता वापत आतेजाते स्वरुपको रकम उपलब्ध गराउन सकिनेछ।

**६. लिखित परिक्षाको उत्तर पूस्तिका जांच गर्ने परिक्षकले प्राप्त गर्ने सुविधा :** (१) उत्तरपूस्तिका जाँचको लागि सकेसम्म राजपत्रांकित वा सो सरहको कर्मचारीलाई खटाईनेछ।

(२) लिखित परीक्षाको उत्तरपुस्तिका परीक्षणमा खटिने कर्मचारीलाई देहाय बमोजिमको पारिश्रमिकता उपलब्ध गराइनेछ।

(क) बिषयगत उत्तरपूस्तिका जाँच गर्ने परिक्षकलाई प्रति उत्तरपूस्तिकाको रू.७५ का दरले उपलब्ध गराइने छ।

(ख) बस्तुगत उत्तरपूस्तिका जाँच गर्ने परिक्षकलाई प्रति उत्तरपूस्तिकाको रू.५० का दरले उपलब्ध गराइने छ।

(ग) उत्तरपुस्तिकि समपरीक्षणका लागि प्रति उत्तरपुस्तिकि रु १५ का दरले उपलब्ध गराइनेछ।

(घ) गाउँपालकि भन्दा बाहिर बाट विषय विज्ञ आमन्त्रण गर्नु पर्ने भएमा भ्रमण खर्च नियमावली २०६४ बमोजिम भ्रमण भत्ता उपलब्ध गराउन सकिनेछ।

**७. पदपुर्ति समितिमा रहने पदाधिकारीको सुविधा :** (१) पदपुर्ति समितिमा रहने पदाधिकारी तथा आमन्त्रित कर्मचारीले बैठक भत्ता स्वरुप प्रति बैठक रु १००० का दरले उपलब्ध गराइनेछ ।

**८ खाजा खर्च सम्बन्धि व्यवस्था** : (१) परीक्षा सञ्चालनमा खटिने कर्मचारीहरुलाई कामकाजमा खटिएको समयमा आवश्यकताका आधारमा खाना तथा खाजाको व्यवस्था गाउँपालिकाले खर्च संचालन निर्देशिका बमोजिम गर्नेछ ।

**८. नियमानुसार कर लाग्ने** : (१) यस मापदण्डमा उल्लेखित सबै प्रकारका सेवा सुविधामा नियमानुसार अग्रिम कर कट्टि गरि भुक्तानी गरिनेछ ।

**९. मापदण्ड बमोजिम भएको मानिने** : (१) यो मापदण्ड लागु हुनु पुर्व पदपुर्ति सम्बन्धमा उपलब्ध गराइएका सेवा सुविधाहरु यसै मापदण्ड बमोजिम भएको मानिनेछ ।